बैठक संख्या नं. १

आज मिति २०७९ जेष्ठ ५ गते सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट रुकुम (पूर्व) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाँउ कार्यपालिकाको पहिलो बैठकमा तपशिलको उपस्थितिमा प्रस्तावित विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री चिन्तामणि दाहाल | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्णजंग मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

**आमन्त्रित**

| | |
|---|---|
| श्री कर्ण बहादुर के.सी. | ईन्जिनियर |
| श्री अरूण कुमार ओली | अधिकृत छैठौं |

**बैठकका प्रस्तावहरु**

१. शहिदहरु प्रति श्रद्धासुमन अर्पन तथा घाईते, अपाङ्गको शिघ्र स्वास्थ्यलाभको कामना सम्वन्धमा ।
२. निवर्तमान पदाधिकारी प्रति धन्यवाद् ज्ञापन सम्बन्धमा ।
३. एकिकृत ग्रामीण औद्यौगिकरणका लागि जग्गा प्राप्ती सम्बन्धमा ।
४. शुद्ध खानेपानी, सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धमा ।
५. शुशासन प्रर्वधन सम्वन्धमा ।
६. वीत्तिय स्रोको पहिचान र बृद्धि गर्न बिज्ञहरुसंगको सहयोग सम्बन्धमा ।
७. शहकारी र लघुवित्त संस्था सम्बन्धमा ।
८. किसान वर्गीकरण सम्बन्धमा ।
९. विषयगत शिक्षक सम्बन्धमा ।
१०. आधारभूत तथा प्राथमिक स्वास्थ्य सम्बन्धमा ।
११. विद्युत सेवा सुचारु गर्ने सम्वन्धमा ।

प्रमाणित २०७९/०२/०५

बैठक संख्या नं. १

**बैठकका निर्णयहरु:**

निर्णय नं-१

प्रस्ताव नं १ मा छलफल गर्दा सिस्ने गाउँपालिका, गाउँकार्यपालिकाको पहिलो बैठकबाट देश र जनताका लागी प्राणको आहुती गर्नु हुने सम्पूर्ण महान शहिदहरुको उच्च सम्मान गर्दै हार्दिक श्रद्धासुमन प्रकट गर्ने साथै विभिन्न समयमा भएका आन्दोलनका घाईते तथा अपाङ्गहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं-२

प्रस्ताव नं २ मा छलफल गर्दा सिस्ने गाउँपालिका, गाउँकार्यपालिकाको पहिलो कार्यकालका लागी निर्वाचित गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँ कार्यपालिका सदस्य, वडा सदस्य लगायतका सम्पूर्ण जनप्रतिनिधिहरुलाई आफ्नो कार्यकाल सफलता पूर्वक सम्पन्न गर्नु भएकोमा धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं-३

प्रस्ताव नं ३ मा छलफल गर्दा एकिकृत ग्रामीण औद्यौगिकरणको भौतिक संरचना निर्माण गर्न सिस्ने गाउँपालिका वडा नं ६ तरबरा चौरमा रहेको जग्गा प्राप्तीका लागी सम्बन्धित निकायसंग समन्वय गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं-४

प्रस्ताव नं ४ मा छलफल गर्दा हाल सन्चालनमा रहेका एक घर एक धारा योजना, खानेपानी संरचनाको मर्मत तथा नयाँ मुहानको खोजी गरी शुद्ध खानेपानी सेवालाई थप व्यवस्थित गर्नुका साथै फोहोर व्यबस्थापन तथा सरसफाई कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागी शहकारी तथा नीजी क्षेत्र संग समन्वय गरी विशेष कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं-५

प्रस्ताव नं ५ मा छलफल गर्दा गाउँ कार्यपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवालाई थप गुणस्तरिय र द्रुत बनाउँन जनप्रतिनीधि सहितको आवश्यक सहयोग तथा सहायता कक्ष सन्चालन गरी शुशासन प्रवर्धन गर्ने निर्णय गरियो ।

निर्णय नं-६

प्रस्ताव नं ६ मा छलफल गर्दा वित्तीय स्रोतहरुको पहिचान र वृद्धि गर्न विज्ञहरु सहितको अध्ययन तथा अनुसन्धान कार्यदल गठन गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं-७

प्रस्ताव नं ७ मा छलफल गर्दा सिस्ने गाउँपालिका भित्र कार्यक्षेत्र रहेका शहकारी र लघुवित्त संस्थाहरुलाई स्थानीय सरकारको नीती योजना बमोजिम कार्यान्वयन हुनु पर्ने र सो संग सम्बन्धित प्रभावकारी सेवा प्रवाह र दस्ताबेजिकरणका लागी गाउँपालिकाको दरबन्दी संरचनामा रहेको शहकारी शाखालाई थप व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं-८

प्रस्ताव नं ८ मा छलफल गर्दा किसान वर्गीकरण गरी वास्तविक व्यवसायिक किसानको पहिचानका साथै व्यवसायिक किसानहरुलाई प्रत्यक्षलाभ पुर्याउँन प्रभावकारी कार्यक्रम तथा योजना तयार गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं-९

प्रस्ताव नं ९ मा छलफल गर्दा गुणस्तरिय शिक्षाका लागि सामुदायिक विद्यालयका सबै तहमा आवश्यकताको आधारमा विषयगत शिक्षकको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं-१०

प्रस्ताव नं १० मा छलफल गर्दा आधारभूत एंब प्राथमिक स्वास्थ्यलाई थप भर पर्दो र गुणस्तरिय सेवा प्रभाह गर्न विशेष कार्यक्रम सन्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं-११

प्रस्ताव नं ११ मा छलफल गर्दा लामो समय देखि अवरुद्ध रहेको तुवाङ् खोला लघु जलविद्युत आयोजनालाई पुनः सुचारू गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोगका लागी आवश्यक पहल गर्ने निर्णय गरियो ।

अर्को बैठक नबस्दा सम्मका लागी आजको बैठक सम्पन्न गरियो ।

प्रमाणित

२०८१/०२/०५

प्रमुख प्रशासकिय अधिकृत